आज मिति २०८१ साल असार १० गते सोमवारका दिन यस तेमाल गाउँपालिकाको अध्यक्ष एवं गाउँसभाका सभाध्यक्ष श्री चन्द्र बहादुर तामाङज्यूको सभापतित्वमा "सुशासन सहितको विकास आजको आवश्यकता गुणस्तरयुक्त पूर्वाधार, शिक्षा, स्वास्थ्य र रोजगारमा हाम्रो प्राथमिकता" भन्ने मूल नाराका साथ तेमाल गाउँपालिका, गाउँसभाको १५ औं अधिवेशन बैठक देहाय बमोजिमको उपस्थितीमा बसी देहाय बमोजिमका वार्षिक नीति,कार्यक्रम तथा बजेट माथि छलफल गरी निर्णय सर्वसम्मत् पारित गरियो ।

क्र.सं	नामथर	पद	कार्यालय ठेगाना	सम्पर्क नं.	हस्ताक्षर
१.	श्री चन्द्र बहादुर तामाङ	अध्यक्ष	तेमाल गाउँपालिका	9851082244	
२.	श्री दलमान थोकर	उपाध्यक्ष	तेमाल गाउँपालिका		
३.	श्री पवन कुमार प्याकुरेल	प्र.प्र.अ.	तेमाल गाउँपालिका		
४.	श्री ईन्द्र बहादुर अधिकारी	वडा अध्यक्ष	तेमाल गा.पा वडा नं १	9841832444	
५.	श्री देवराज तामाङ	वडा अध्यक्ष	तेमाल गा.पा. वडा नं. २		
६.	श्री विष्णु बहादुर तामाङ	वडा अध्यक्ष	तेमाल गा.पा. वडा नं. ३		
७.	श्री पेम्बा तामाङ	वडा अध्यक्ष	तेमाल गा.पा. वडा नं. ४	9841296789	
८.	श्री हजार सिं लामा तामाङ	वडा अध्यक्ष	तेमाल गा.पा. वडा नं. ५	9841453031	
९.	श्री प्रेम लामा	वडा अध्यक्ष	तेमाल गा.पा. वडा नं. ६	9841713442	
१०.	श्री ईन्द्रलाल तामाङ	वडा अध्यक्ष	तेमाल गा.पा. वडा नं. ७	9843656294	
११.	श्री तेमाल सिं तामाङ	वडा अध्यक्ष	तेमाल गा.पा. वडा नं. ८	9742812006	
१२.	श्री चन्द्र बहादुर लामा	वडा अध्यक्ष	तेमाल गा.पा. वडा नं. ९	9851054842	
	श्री रश्मिता भण्डारी	जि.स.स.स.	तेमाल गा.पा. वडा नं. ९	9846820323	
१३.	छयोइसाङ तामाङ	का.पा.स	तेमाल गा.पा. वडा नं. २	9210208440	
१४.	सुसिला माझी	का.पा.स	तेमाल गा.पा. वडा नं. ३	9742669242	

CamScanner

१५.	मोहन माया सुनार	का.पा.स	तेमाल गा.पा. वडा नं. ५		मोहन
१६.	अन्जु विश्वकर्मा	का.पा.स	तेमाल गा.पा. वडा नं. ८	५८४०८४६८७	अन्जु
१७.	केशव रसाइली	का.पा.स	तेमाल गा.पा. वडा नं. ६		
१८.	चन्द्रिका भुजेल	का.पा.स	तेमाल गा.पा. वडा नं. ७	५८४५४१८७५	
१९.	कृष्ण कुमारी श्रेष्ठ	गा.स.स.	तेमाल गा.पा. वडा नं. १		कृष्ण
२०.	कमला वि.क.	गा.स.स.	तेमाल गा.पा. वडा नं. १		कमला
२१.	नेत्र बहादुर नगरकोटी	गा.स.स.	तेमाल गा.पा. वडा नं. १		
२२.	शिव बहादुर भण्डारी	गा.स.स.	तेमाल गा.पा. वडा नं. १		
२३.	बिना परियार (दमाई)	गा.स.स.	तेमाल गा.पा. वडा नं. २		
२४.	धन विर तामाङ	गा.स.स.	तेमाल गा.पा. वडा नं. २		
२५.	बुद्धि मान तामाङ	गा.स.स.	तेमाल गा.पा. वडा नं. २	५८४९२२१८२०	
२६.	कर्म ध्वज तामाङ	गा.स.स.	तेमाल गा.पा. वडा नं. ३		
२७.	विलास मान तामाङ	गा.स.स.	तेमाल गा.पा. वडा नं. ३	५८०८६३४९	
२८.	सुकरानी तामाङ	गा.स.स.	तेमाल गा.पा. वडा नं. ४	9813467168	
२९.	शर्मिला विश्वकर्मा	गा.स.स.	तेमाल गा.पा. वडा नं. ४		शर्मिला
३०.	गंगा बहादुर तामाङ	गा.स.स.	तेमाल गा.पा. वडा नं. ४		
३१.	पदमलाल श्रेष्ठ	गा.स.स.	तेमाल गा.पा. वडा नं. ४	५८६०५९३४९९	
३२.	इन्द्र माया तामाङ	गा.स.स.	तेमाल गा.पा. वडा नं. ५		
३३.	चन्द्र कुमार तामाङ	गा.स.स.	तेमाल गा.पा. वडा नं ५		

३४.	पालसाङ लामा	गा.स.स.	तेमाल गा.पा. वडा नं ५	9813682934	
३५.	विष्णु माया तामाङ	गा.स.स.	तेमाल गा.पा. वडा नं ६		
३६.	नकुली कमिनी	गा.स.स.	तेमाल गा.पा. वडा नं ६		
३७.	चेत बहादुर राना	गा.स.स.	तेमाल गा.पा. वडा नं ६	5C0C596488	
३८.	सूर्यमान तामाङ	गा.स.स.	तेमाल गा.पा. वडा नं ६	5C85498896	
३९.	देव कुमारी पन्त	गा.स.स.	तेमाल गा.पा. वडा नं ७	5C8226699	
४०.	फुल माया दमाई	गा.स.स.	तेमाल गा.पा. वडा नं ७		
४१.	धन बहादुर तामाङ	गा.स.स.	तेमाल गा.पा. वडा नं ७	5C8247830	
४२.	मिलन तामाङ	गा.स.स.	तेमाल गा.पा. वडा नं ७		
४३.	कुसुम तामाङ	गा.स.स.	तेमाल गा.पा. वडा नं ८		
४४.	औलय सिं तामाङ	गा.स.स.	तेमाल गा.पा. वडा नं ८	8C433C2842	
४५.	शुक्र तामाङ	गा.स.स.	तेमाल गा.पा. वडा नं ८		
४६.	कमला वि. क.	गा.स.स.	तेमाल गा.पा. वडा नं ९	•	
४७.	कान्छा लामा	गा.स.स.	तेमाल गा.पा. वडा नं ९	8C8406488E	
४८.	श्याम तामाङ	गा.स.स.	तेमाल गा.पा. वडा नं ९		
४९.	सूर्य प्रसाद त्रिपाठी	लेखा अधिकृत	तेमाल गाउँपालिका		
५०.	शिवहरी पाठक	स्वास्थ्य संयोजक	तेमाल गाउँपालिका		

५१.	उज्वल लामा	सुचना प्रविधि अधिकृत	तेमाल गाउँपालिका		
५२.	डम्बर बटला	इन्जिनियर	तेमाल गाउँपालिका		
५३.	माधव प्रसाद घिमिरे	आ.ले.प.	तेमाल गाउँपालिका		
५४.	उद्धव प्रसाद पाण्डे	एम.आइ.एस.	तेमाल गाउँपालिका		
५५.	अजय रजक	सब-इन्जिनियर	तेमाल गाउँपालिका		
५६.	सोनाम लामा	सब-इन्जिनियर	तेमाल गाउँपालिका		
५७.	रोहित लामा	सब-इन्जिनियर	तेमाल गाउँपालिका		
५८.	दिनेश सिं तामाङ	सब-इन्जिनियर	तेमाल गाउँपालिका		
५९.	भुपेन्द्र तामाङ	अ.स.ई.	तेमाल गाउँपालिका		
६०.	सागर तामाङ	अ.स.ई.	तेमाल गाउँपालिका		
६१.	पवन वली	वडा नं.९ सचिव	तेमाल गाउँपालिका		
६२.	पमिता तामाङ	ना.प्रा.स.	तेमाल गाउँपालिका		
६३.	अभिषेक तामाङ	अ.हे.व.	तेमाल गाउँपालिका		
६४.	दिपा नेपाली	स.म.वि.नि.	तेमाल गाउँपालिका		
६५.	सम्झना तामाङ	वडा नं.२ सचिव	तेमाल गाउँपालिका		

६६.	धनाराम लामा	प्रशासन स.	तेमाल गाउँपालिका		
६७.	हरिन्द्र कुमार शाह	अमिन	तेमाल गाउँपालिका		
६८.	औतार तामाङ	ह.स.चा.	तेमाल गाउँपालिका		
६९.	धन बहादुर लामा	ह.स.चा.	तेमाल गाउँपालिका		
७०.	सुनिल कुमार तामाङ	का.स.	तेमाल गाउँपालिका		
७१.	रामहरि मैनाली	का.स.	तेमाल गाउँपालिका		
७२.	नरेन्द्र देवकोटा	वडा नं. ४/६ सचिव	तेमाल गाउँपालिका		
७३.	अनिता श्रेष्ठ	वडा नं. ७ सचिव	तेमाल गाउँपालिका		
७४.	लक्ष्मण कँडेल	वडा नं. ८ सचिव	तेमाल गाउँपालिका		
७५.	ईन्द्र बहादुर चिमौरिया	वडा नं. १ सचिव	तेमाल गाउँपालिका		
७६.	रामराज खरेल	वडा नं. ५ सचिव	तेमाल गाउँपालिका		
७७.	जय नारायण प्र. चौरासिया	प.से.प्रा.	तेमाल गाउँपालिका		
७८.	शारदा के. सी.	ना. प्रा. स.	तेमाल गाउँपालिका		
७९.	कुलदीप पहाडी	प्रा. स.	तेमाल गाउँपालिका		
८०.	भिम लाल लामा	शिक्षा सहायक	तेमाल गाउँपालिका		
८१.	रमेश निरौला	ना.प.स्वा.प्रा.	तेमाल गाउँपालिका		

८२.	दिलिपनाथ योगी	प.स्वा.प्रा	तेमाल गाउँपालिका		
८३.	कृष्णराम घिमिरे	प्रा. स.	तेमाल गाउँपालिका		
८४.	ललित पुन	अ.स. ईन्जिनियर	तेमाल गाउँपालिका	९८१२५०६८१९	
८५.	शुशिला भुजेल	अ.स. ईन्जिनियर	तेमाल गाउँपालिका		
८६.	राम विलाश शाह	अ.स. ईन्जिनियर	तेमाल गाउँपालिका		
८७.	अञ्जली तामाङ	स.ईन्जिनियर	तेमाल गाउँपालिका		
८८.	उपेन्द्र तिमिल्सिना	वडा नं.३ सचिव	तेमाल गाउँपालिका		
८९.	जीवन पुलामी	उ.वि.स.	तेमाल गाउँपालिका	९८६५२२ २६९५	
९०.	भूमिका बल	रोजगार सहायक	तेमाल गाउँपालिका		
९१.	अमर सिं धामी	ना.प.से.प्रा.	तेमाल गाउँपालिका		
९२.	मञ्जील दंगाल	न्यायिक. सहजकर्ता	तेमाल गाउँपालिका	9841204502	
९३.	सज्जन थिङ	सुरक्षा गार्ड	तेमाल गाउँपालिका		
९४.	श्याम लाल लामा	सुरक्षा गार्ड	तेमाल गाउँपालिका		
९५.	विष्णु बहादुर [illegible]	उ.ए.चालक	तेमाल गा.पा.		
९६.	दशरथ कुमार	प्रहरी	पो.ता.[illegible]		
९७.	उमेश पाहाल	"	"		

९८.	रमेश प्रसाद	"	"		
९९.	मिथुन कु. केशरी	"	"		
१००	मुकेश प्रसाद	"	"		
१०१	मोहन कु. विश्वकर्मा	"	"		
१०२	रमेश प्रसाद	प्रा. अ.	पचुवाडाड चौकी		
१०३	कृष्ण गिरी	ड. क्लि.	गंगापुर		
१०४	उदित कुमार	ड. ६	"		
१०५	पुरन मोहन	ड. ७	"		
१०६	प्रखण्ड अधिकारी	ड. ८	"		
१०७	मिथुन कु. कुशवाहा	"	"		
१०८	राजन तामाङ	प्रखण्ड कार्यालय	धुलिबेरी तमाङ	३८४७३८८४४	
१०९	रामजी तामाङ	पत्रकार	तेमाली-९		
११०	श्याम तामाङ	समाजसेवी	तेमाल -६		

११११	दिपेन्द्र उदास	JCD chalak.	तेमाल गा.पा.		[illegible]
११९२	प्रदिप कार्की	ह.उ	तेमाल गा.पा		[illegible]
११९३	राजेन्द्र निरोला	अ.हे.क	तेमाल गा.पा.		[illegible]
११९४	प्रमिला थापा	का.स	तेमाल ४		[illegible]
११९५	सनदा कु लामा	का: स	तेमाल ५		[illegible]
११९६	मीन माया मोक्तान	सि. अ.न.मी	तेमाल ५		[illegible]
११९६	डिलमाया तामाङ	अ.न.मी	तेमाल - ५		[illegible]
११९८	प्रिती कान्तान	अ.न.मी	तेमाल - २		Preti

प्रस्तावहरु

१. आ.व. २०८१।०८ को नीति तथा कार्यक्रम सम्बन्धमा ।
२. आर्थिक विधेयक, २०८१ सम्बन्धमा ।
३. विनियोजन विधेयक, २०८१ तथा बजेट सम्बन्धमा ।
४. कोशी क्षेत्र र रोशी क्षेत्रको बिक्रि शुल्क ठेक्का निकाल्ने सम्बन्धमा ।
५. तेमाल धार्मिक तथा पर्यटन क्षेत्रको बहाल कर तथा पार्किङ शुल्कको ठेक्का निकाल्ने सम्बन्धमा ।
६. विज्ञापन करका लागि ठेक्का निकाल्ने सम्बन्धमा ।
७. औषधी खरिद सम्बन्धमा ।
८. विविध सम्बन्धमा ।

निर्णय नम्बर १: प्रस्ताव नं. १ माथी छलफल गर्दा तेमाल गाउँ कार्यपालिकाको मिति २०८१।०३।०९ गतेको बैठकको निर्णय माथी छलफल गर्दा तेमाल गाउँपालिकाको आ.व. २०८१।८२ को नीति तथा कार्यक्रम आजको गाउँसभाको १५ औं अधिवेशनबाट सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

तेमाल गाउँपालिकाका गाउँसभाको १५ औं अधिवेशनमा गाउँपालिका अध्यक्ष श्री चन्द्र बहादुर तामाङज्यूले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८१।०८२ को निति तथा कार्यक्रम

(क) नीति तथा कार्यक्रम

आदरणीय सभाका सदस्यज्यूहरु,

गाउँपालिकाको सम्मानित गाउँसभाको १५ औं अधविशन समक्ष गाउँपालकिो भावसिीच एवं जनआकांक्षा समेटिएको गरिमामय गाउँसभाको वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिका लाइ विभिन्न सुझाव दिनु हुने कार्यपलिका सदस्यज्यूहरु, गाउँसभा सदस्यज्यूहरु, विज्ञ महानुभव, राजनीतिक दलका प्रतिनिधि एवं राजनीतिज्ञ, सञ्चारजगत्, नागरिक समाज, निजि क्षेत्र एवं विकास सहयत्री लगायत सम्पुर्ण आमा, बुबा, दाजुभाई तथा दिदी बहिनीहरु एवम् यस सभाको उद्घाटन सत्रमा उपस्थित आदरणीय महानुभावहरुमा गाउँपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दछु।

यस गरिमामय गाउँसभाको सभाध्यक्षको हैसियतले आजको गाउँसभाको १५ औं अधिवेशन बैठकलाई सम्बोधन गर्न पाउँदा मलाई खुसी लागेको छ ।

यस अवसरमा म सर्वप्रथम नेपाल राष्ट्रको रक्षा, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना एवम् मुलुकको सर्वाङ्गीण विकास, समृद्धि र अग्रगमनको लागि विभिन्न समयमा भएका राजनीतिक क्रान्ति, सशस्त्र सङ्घर्ष एवम् आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात- अज्ञात सहिदप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

"सुशासन सहितको विकास आजको आवश्यकता गुणस्तरयुक्त पूर्वाधार, शिक्षा, स्वास्थ्य र रोजगारमा हाम्रो प्राथमिकता" भन्ने मूल नारालाई आत्मसात गर्दै तेमाल गाउँपालिकाको आर्थिक-सामाजिक, सुशासन, विकास र सामाजिक न्यायसहित समृद्ध तेमाल, सुखी तेमालको आकाङ्क्षा पूरा गर्न प्रतिबद्ध छ । तेमाली जनताको सुख र

समुन्नतिका लागि सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्दै जनतामा गाउँपालिका प्रतिको आशा र भरोसा बढाउने गरी तेस्रो गाउँपालिकाले आफ्ना नीति तथा कार्यक्रम कार्यान्वयन गर्दै आएको छ ।

संविधान कार्यान्वयन, सङ्घीयताको सबलीकरण, राजस्वमा सुधार र पुनरुत्थान, उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, सुशासन प्रवर्द्धन, सार्वजनिक सेवा प्रवाहमा सुधार र सरलीकरणमा प्राथमिकता रहेका छन् ।

सुशासनलाई संस्थागत गर्न विकास निर्माणलाई गति दिन र सेवाप्रवाहमा सरलता र आमजनताले अनुभूति गर्नसक्ने सुधार गर्न तेस्रो गाउँपालिकाको स्पष्ट कार्ययोजनाका साथ अघि बढेको छ ।

(ख) विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती

विद्यमान अवसरहरू:

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेकाछन:

१. संविधानत: अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्राप्त हुनु।
४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
५. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।
६. सडक निर्माणमा भएको लगानी संगै गाउँपालिका मा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुनु ।
७. घरहरूको निर्माणमा भवनसंहिता पालना हुने क्रम बढ्नु तथा नक्सापास गर्न नागरिकको आकर्षण बढ्नु ।

विद्यमान चुनौतीहरू:

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछन:

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
२. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।
३. गुणस्तरीय बीउबिजन+मलखाद समयमा नै उपलब्ध गराउनु ।
४. युवा जनशक्तिलाइ कृषि व्यवसाय प्रति आकर्षित गर्नु ।
५. व्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
६. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।
७. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
८. सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ बिना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।
९. भिरालो ठाउँ, बाढी पहिरो तथा डुबान लगायतका प्रकोपको उच्च जोखिम भएका बस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।

CamScanner

१०. अव्यवस्थित बस्ती विस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।
११. वैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।
१२. सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र व्यवस्थित गर्नु ।
१३. प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुंगाबालुवा ,गिट्टी ,) को मापदण्ड अवलम्बन नगरि अत्यधिक दोहन रोक्नु ।
१४. विभिन्न कालखण्डमा गाउँपालिका मा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

(ग) नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ ।

पन्ध्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र गाउँपालिका ले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएकोछ । गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी व्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिका ले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुमिश्रित गरिने छ। पन्ध्रौं प्रावधान, राष्ट्रिय

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितव्ययी वनाइनेछ । यसबाट सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

CamScanner

(ङ) चालु आ.व. ०८१।८२ को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण भौतिक उपलब्धि

वित्तिय प्रगति

आ.व. २०८०।०८१ को बजेटबाट गाउँपालिले गरेको हाल सम्मको वित्तिय प्रगति

हाल सम्मको चालु खर्च ६६ प्रतिशत

पुँजीगत खर्च ४७ प्रतिशत

भौतिक पूर्वाधार विकास (सडक, खानेपानी, सिंचाइ) का क्षेत्रमा भएका उपलब्धी

सडक यातायातः

यस गाउँपालिका मा हाल सम्म ०.२४७ किमि पक्कि सडक, ३३.०५ कि.मि. सडक स्तोन्नती र २९.२५ कि.मी नयाँ ट्र्याक सडक, गोरेटो बाटो २ कि.मि. रहेकोछ । गाउँपालिका का सबै वडामा सडकको पहुँच पुगेकोछ। गाउँपालिका ले विभिन्न वस्ती र पर्यटकीय क्षेत्रहरूमा समेत सर्वयाम गाडी चल्ने सडक पूर्वाधार विस्तार गरेकोछ । गाउँपालिका बाट अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाइ सुदृढ बनाइएकोछ ।

भवन निर्माण तथा भवन निर्माण १९, मन्दिर/गुम्बा निर्माण तथा मर्मत ३४, सत्तल निर्माण १४ खेलमैदान/चौर निर्माण तथा मर्मत ८ र पार्क तथा/चौतारा/प्रतिक ७ वटा

खानेपानी, उर्जा तथा सिँचाईः

गाउँपालिका का विभिन्न वडामा गरी अनुमानित १०५० धरधुरीमा स्वाच्छ खानेपानी पुगेको र १३.६ हे. मा सिंचाइ सुविधा प्राप्त हुने अवस्था सृजना भएकोछ ।जलवायु परिवर्तनको प्रभावका कारण डिजाइन अनुसार पानी प्राप्त हुने कुरामा चुनौती थपिएकोछ ।

सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समूह) का क्षेत्रमा भएका उपलब्धी

१. पन्ध्र शैयाको अस्पताल निर्माण प्रक्रिया अगाडि बढाईएको छ।
२. आँखा दाँत ठुलो आन्द्राको क्यानसर निःशुल्क शिविर संचालन गरी ३२४८ जनालाई स्वास्थ्य सेवा उपलब्ध गराईएको छ।
३. क्षयरोगका विरामहरुको पहिचाहन गरी उपचारको दायरामा ल्याउनको लागि छातीको एक्सरे सहितको निःशुल्क स्वास्थ्य परिक्षण शिविर संचालन गरिएकोछ।
४. गर्भवती महिला र शिशुको स्वास्थ्य स्थिति पत्ता लगाउन निःशुल्क ग्रामिण भिडियो एक्सरे र सुत्केरी गराउन स्वास्थ्य संस्था सम्म आवत जावतको लागि निःशुल्क एम्बुलेन्स सेवा संचालन गरीएको छ।
५. स्वास्थ्य सम्बन्धी गम्भिर स्वास्थ्य समस्या भएका साथै आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराईएको छ।
६. स्वास्थ्कर्मिहरुको क्षमता अभिवृद्धि गरी गाउँघर क्लिनिकमा समेत उच्च रक्तचाप मधुमेहका विरामिको पहिचाहन गरि उपचार सेवा संचालन गरिदै आएकोछ।

विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेकोछ ।

CamScanner

युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि खेलकुद मैदान निर्माण भएका छन ।

आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगार,) का क्षेत्रमा भएका उपलब्धी

कृषि तथा पशुपन्छी शाखाको आ.व. २०८०/८१ को हाल सम्मको प्रगतिः

१. पशुपन्छी रोग रोकथाम तथा रोग नियन्त्रणकालागि औषधी खरिद गरि बितरण कार्य गरिएको
२. तेमाल २ मा कृषक समूह गठन, अभिमुखिकरण तथा क्षमता अभिब्रद्दि तालिम संचालन
३. किसान सुचीकरण कार्यक्रमको लागि गणक छनौट गरि सम्बन्धित वडामा(वडा नं ६,७,८ र ९) पठाइएको
४. तेमाल-१ मा आलु पकेट विकास निरन्तरता कार्यक्रम संचालन गरिएको
५. ५०% अनुदान मा ७४ थान मिनिटिलर बितरण गरिएको
६. तेमाल-३ का माझी समादायहरुको जिबिकोपार्जन सुधार कार्यक्रमको लागि ४० वटा भैंसीका पाडा पाडी बितरण तथा गोठ व्यबस्थापन कार्यम संचालन गरिएको
७. बाखा प्रबर्दन कार्यक्रम (तेमाल ३ र ५) संचालनमा रहेको (३ नं का २ वटा सहककारीले कार्य सम्पन्न गरेका)
८. १५०० वटा गाई भैंसीमा लम्पी स्किन रोगको उपचार गरिएको
९. ३३०० पशुमा खोरेत, १५०० मा भ्यागुते चर्चरे र १२००० भेडा बाखामा पि पि आर रोग बिरुद्द खोप कार्यक्रम संचालन गरिएको
१०. जिल्ला सहकारी संघको समन्वयमा सहकारीहरुलाई अभिमुखिकरण कार्यक्रम संचालन गरिएको
११. तेमाल २,३,६ र ९ नं वडामा पशु स्वास्थ्य शिबिर संचालन गरि नि शुल्क पशु उपचार, औषधी वितरण, पशु वन्ध्याकरण कार्यक्रम संचालन गरिएको
१२.तेमाल ९ मा रहेका कृषक समूहहरुलाई लेखा तथा व्यवस्थापन तालिम सञ्चालन गरिएको
१३. रेबिज रोग नियन्त्रणकालागि निशुल्क रेबिज खोप कार्यक्रम संचालन गरिएको
१४. तेमाल भित्र संचालनमा रहेका सहकारीका अध्यक्ष र संचालकलाई २ दिने क्षमता अभिवृद्दि तालिम कार्यक्रम संचालन गरिएको
१५.बिभिन्न रोग र किरा नियन्त्रणका लागि किटनाशक तथा ढुसीनाशक बिषादी वितरण गरिएको

सूचना तथा प्रविधि शाखा

कार्यालयमा स्थापित प्रविधिको पूर्वधार, उपकरणहरुको व्यवस्थापन र नियमित राख्न प्राविधि सहयोग प्रदान गरिएको ।

स्थानीय तहको Website, Software, System को नियमित सञ्चालन र अध्यावधिक गर्ने सहि अभिलेख तथा प्रतिवेदन तयार गरिएकोछ ।

स्थानीय तहको आफ्नै Server System, Web Mail , and IP camera को नियमित सञ्चालन गरिएकोछ ।

CamScanner

वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार व्यवस्थापनलाइ समेटने गरी पर्यापर्यटनको विस्तार गरिएकोछ । गाउँपालिकामा रहेका १५ सामुदायिक वनमा उपयोग र संरक्षण सहितको वैज्ञानिक वन व्यवस्थापनका अभ्यासहरू प्रारम्भ गरिएकोछ।

रोजगार सेवा केन्द्रबाट भएको उपलब्धी

रोजगार सेवा केन्द्रबाट आ.व. ०८०।८१ मा ९० जना बेरोगार व्यक्तिहरुलाई रोजगार प्रदान गरिएको छ । यस यस सेवा केन्द्रबाट १ जनाको श्रमः स्वीकृत भएको छ ।

सुशासन तथा संस्थागत विकास (कानूनी व्यवस्था, राजश्व परिचालन, संगठन संरचना, सार्वजानिक निजी साझेदारी एवं समन्वय) भएका उपलब्धी

गाउँपालिकाले ९ वटा ऐन, २ वटा नियमावली र १५ वटा कार्यविधिहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याएकोछ। मेलमिलापकर्ताहरुको लागी क्षमता अभिबृद्धि (पुनर्ताजगी) तालिम सम्पन्न गरेको छ। मेलमिलापकर्ता सम्बन्धि आधारभूत तालिम ४८ घण्टाको सञ्चालन गरेको छ। तेमाल गाउँपालिकामा थप २४ जना मेलमिलापकर्ता तयार गरिएको छ। श्री काभ्रेपलाञ्चोक जिल्ला अदालतको उपस्थितिमा "समुदायमा अदालत कार्यक्रम" सञ्चालन गरेको छ।

यस गाउँपालिकाले गत आ.व.२०७९।०८० को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ७३.२५ (सङ्सठ्ठि) र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन (FRA) मा ६२.५ अंक प्राप्त गरेको छ ।

राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरित राजश्व स्रोतको दायरामा वृध्दि भएकोछ ।

(च) आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू

आदरणीय सदस्यज्यूहरु

अब म आ. व. २०८१/८२ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

१. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

क. शिक्षा

१. आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनपयोगी सीपमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गरी एक विद्यालयबाट नमूनाको रूपमा शुरूआत गर्ने र क्रमशः सबै विद्यालयमा सो अनुसारको पठनपाठनको व्यवस्था मिलाइनेछ ।

२. तेमाल गाउँपालिका भित्रका आधारभूत तथा मध्यामिक विद्यालयहरुमा विद्युतीय हजिरीलाई व्यवस्थापन गर्दै लगिनेछ ।

३. शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।

CamScanner

४. गाउँपालिका को स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी लागु गरिनेछ। त्यस्तो पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप र विविध समुदायका जातिय तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षा दिन जोड दिइनेछ।

५. स्थानीय पाठ्यक्रमलाई कार्यन्वयन गर्दै विद्यालयमा पठनपाठन हुने स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक छपाई तथा कार्यान्वयन गर्ने ।

६. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७२ संशोधन सहितको एकिकृत पाठ्यक्रमलाई विद्यालयमा कार्यन्वयन गर्नका लागि थप तालिमको व्यवस्था गरिनेछ ।

७. विद्यालय बाहिर रहेका र बिच मै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ।

८. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको व्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।

९. अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिई निजी विद्यालय सरह सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गरिनेछ।

१०. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिका को शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।

११. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी मिलान एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ।

१२. "उत्कृष्ट शैक्षिक गन्तव्य गाउँपालिका हाम्रो पहिचान" भन्ने आदर्श लक्ष्य प्राप्तिका लागि सरकारी

१३. क्षेत्रका शैक्षिक संस्थाहरुबाट प्रदान गर्ने उच्च शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन त्यस्ता प्राज्ञिक संस्थाहरुसँग सहकार्य र साझेदारी गरिनेछ।

१४. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

१५. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।

१६. गाउँपालिका क्षेत्र भित्रका गुरुकुल, मदर्शा र गुम्बा जस्ता शिक्षालयहरुको स्तरोन्नती गर्दै लगिनेछ।

१७. शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको व्यवस्थापन, अतिरिक्त क्रियाकलाप व्यवस्थपान, शैक्षिक पात्रो व्यवस्थापन, अद्याविधक स्रोत व्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार व्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) लागु गर्ने नीति अवलम्बन गरिनेछ।

ख. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिका लाई खुल्ला वहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता symbol हरु निर्माण गरिनेछ।

२. गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।

CamScanner

३. गाउँपालिका भित्र आयोजना हुने कार्यक्रहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

४. तेमाल गाउँपालिका तामाङ समुदायको उच्चतम स्थल भएकले तामाङ समुदायको पहिचान झल्किने गरी सर्वजानिक, निजि तथा समुदायको सझेदारीमा एक अन्तराष्ट्रिय तामाङ साँस्कृतिक केन्द्रको स्थापना गर्ने लक्ष्य तथा नीति लिइनेछ ।

ग. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम

१. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

२. विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो ब्यवस्थापन गर्दै जाने नीति लिइनेछ।

३. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाइनेछ।

४. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिका को स्थानीय आर्थिक विकास योजना अन्तर्गत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवध्द गरिनेछ।

५. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "विदेश हैन बिजनेस" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

६. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

७. विपन्न र गरिब परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

८. गाउँपालिका का गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ।

घ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य ,बालबालिकाको अधिकारसम्बन्धी तथा अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

३. बालबालिकामाथिको दुर्व्यवहार, महिला हिंसा, मानव बेचबिखन, बलात्कार, छुवाछुत, लागुपदार्थ दुर्व्यसन, छाउपडी, दाइजो तथा तिलकजस्ता सामाजिक विकृति र शोषण अन्त्य गरिनेछ ।

४. बलात्कार तथा घरेलु हिंसालगायत सबै प्रकारका हिंसा, विभेद र शोषणसम्बन्धी मुद्दामा सरल, सुलभ र छिटो न्यायिक निरूपण हुने व्यवस्था मिलाइनेछ ।

५. सामाजिक सुरक्षा भत्ता वडा तहमा नै वितरण गर्ने व्वस्था मिलाइनेछ ।

६. ज्येष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

CamScanner

७. महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।

८. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।

९. जनयुद्ध/जनआन्दोलनका शहिद, घाइते आपाङ्ग र बेपत्ताहरुको पहिचान एवं अभिलेखीकरण गरी नीजहरुको आवश्यक परीपूरणको व्यवस्था मिलाइने नीति लिइनेछ ।

ङ स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम

१. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँ गाउँपालिका क्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न अस्पताल, प्राथमिक स्वास्थ्यकेन्द्र, आधारभूत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापन सेवालाइ सहज र नियमित वनाइनेछ ।

२. तेमाल गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा सूचना प्रविधिमैत्री बनाइनेछ ।

३. गाउँपालिका भित्र रहेको खोप केन्द्र, गाउँघर क्लिनिकहरुमा आश्यक पूर्वाधार निर्धारण गरी दक्ष जनशक्तिद्धारा समुदायमा नै स्वास्थ सेवा उलब्ध गराउने नीति लिइनेछ ।

४. जेष्ठ नागरिक अध्यक्ष कार्यक्रम सञ्चालन गरिनेछ ।

५. आमा सुरक्षा कार्यक्रम अन्तर्गतका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

६. महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई प्रदान गर्दै आइरहेको प्रोत्सहनलाई थप गर्दै सेवा प्रवाहलाई गुणस्तरीय बनाउदै लैजाने निति लिइनेछ ।

७. तेमाल गाउँपालिका भित्र रहेको सम्पूर्ण स्वास्थ्य संस्थाहरुको आर्थिक वर्ष २०८१।०८२ देखि लेखापरिक्षण गर्ने व्यवस्था मिलाउने नीति लिइनेछ ।

८. महिला सम्बन्धी पाठेघर क्यान्सर र स्तन क्यानसरको परिक्षण र उपचारको व्यवस्था गरिने नीति लिइनेछ ।

९. गाउँपालिका भित्र सकृय रहेको आमा समुहरुलाई तालिमको व्यवस्था गरिनेछ

१०. महामारी रोग नियन्त्रण गर्न आवश्यक बजेटको व्यवस्था गरिने नीति लिइनेछ

११. नसर्ने रोग नियन्त्रणका लागि परिक्षण र उपचारको व्यवस्थालाई निरन्तरता दिइने नीति लिइनेछ ।

१२. मानसिक स्वास्थ्य सम्बन्धी रोगहरु पहिचान गरी उपचार र उद्धारको लागि दक्ष जनशक्ति परिचालन गरिने नीति लिइनेछ ।

१३. नागरिकहरुलाई मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रवन्ध मिलाइने छ।

१४. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।

१५. वर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवालाइको स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ।

१६. नेपाल रेडक्रस सोसाइटी सँग सहकार्य गरी रक्त सञ्चार सेवालाई सहज तुल्याइनेछ।

CamScanner

१७. आर्थिक रुपमा अति विपन्न गाउँपालिका वासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ।

१८. अर्गानिक खेतिको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ।

१९. गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धन र प्रशोधणका कार्यहरु संचालन गरिनेछ।

२०. महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।

२१. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

२२. स्वास्थ्य क्लिनिकहरुले प्रदान गर्ने आधारभुत सेवाहरुको शुल्कलाई नियमन गरिनेछ।

२३. स्वास्थ्य चौकीहरुमा ल्याब सेवा सञ्चालनका लागि विशेष व्यवस्था गरिनेछ।

२. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

२.१ तेमाल गाउँपालिका भित्रका सुनकोशी तथा रोशी क्षेत्रको जल पर्यटनका लागि अध्ययन गरिनेछ ।

२.२ स्थानीय आर्थिक विकासलाइ योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ । यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका ,निजीक्षेत्र,र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेछन ।

२.३ उल्लिखित बमोजिम स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र ब्यावसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गर्नेछ । यसका लागि स्थानीय तहमा ब्यावसायिक वातावरणको विकास गर्न गाउँपालिकाले नीजिक्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी (समुदाय समेत) को सहभागिता रहने गरी एक स्थानीय आर्थिक विकास सम्वाद मञ्च गठन गर्नेछ ।

२.४ नव प्रवर्तन र उद्यमशीलता प्रवर्धन गर्न स्टार्टअप इकोसिष्टमको विकास गर्न उद्यमशाला सञ्चालन गरिनेछ । यस अन्तरगत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तिकरण तथा वित्तिय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नव उद्यमशीलता प्रवर्द्धन र विशिष्टिकृत वस्तुको उत्पादन तथा वजारीकरण समेटिनेछन ।

क. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

१. तेमाल गाउँपालिका भित्रका धार्मिक तथा पर्यटन क्षेत्रहरुमा राजश्व संकलनका लागि नीति बनाइनेछ ।

२. औधोगिक तथा ब्यावसायिक विकासका लागि गाउँपालिका उद्योग वाणिज्य संघ सँग साझेदारीको नीति लिइनेछ। औधोगिक प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडी बढाइनेछ।

CamScanner

३. औधोगिकग्राम पूर्वाधार निर्माण कार्य सार्वजनिक निजी साझेदारी अवधारणामा सञ्चालन गरिनेछ । गाउँपालिका जनताको मागलाई मध्यनजर गर्दै सबै प्रकारका सुरक्षा सुनिश्चितताका साथ स्थानीय सरकार र उद्योग वाणिज्य संघसँगको सहकार्यमा सघन बजारक्षेत्रको सुरुवात गरिनेछ।

४. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

५. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति निइनेछ।

६. सम्पूर्ण स्वदेशी कच्चा पदार्थ गरी उत्पादन गर्ने साना तथा मझौला उद्योगहरुलाई उत्पादन स्थलसम्म सडक पूर्वाधार तथा विद्युतिकरणको पहुँच पुराइनेछ।

७. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिका को पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

८. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल कार्यान्वयन प्रारम्भ गरिनेछ।

९. विभिन्न जातजातिको जातजाति परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।

१०. विभिन्न जातजातिहरुको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन पर्यटकहरुलाई होमस्टेसहित स्थानीय अर्गानिक तरकारी तथा अन्य खाद्य उत्पादनपाहुनाको रुपमा राख्न घर छनौट गरिनेछ।

११. मुख्य स्थान चोक र गाउँपालिका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न डिजिडल डिस्प्ले /बिलवोर्ड राखिनेछ।

१२. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र ब्रोशर हरुको वितरण गरिनेछ।

१३. अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिका हरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ।

ख. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम

१. तेमाल गाउँपालिकामा उत्पादन भएको बुद्धचित्ताको संरक्षणका लागि सहजीकरण गरिनेछ ।

२. तेमाल गाउँपालिकाले उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिलाई उच्च प्राथमिकतामा राखेको छ ।

३. कृषि क्षेत्रको उत्पादन, उत्पादकत्व वृद्धि, आधुनिकीकरण, व्यवसायीकरण एवम् बजारीकरणको स्पष्ट मार्गचित्र तयार गरीनेछ ।

४. तेमाल गाउँपालिका भित्र स्थायी रुपमा बसोबास गर्ने दलित तथा पिछडिएको वर्गको घर परिवारको पहिचान गरिनेछ ।

ग. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निक्षेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

CamScanner

२. उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा बिँउपूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका अनुदान दिने नीति लिइने छ।

३. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

४. सहकारी संस्थाहरू स्थापनाको उद्देश्यअनुरूप सञ्चालन हुनुपर्ने व्यवस्था गरिनेछ । सहकारी नीतिलाई समयानुकूल बनाइनेछ ।

३. भौतिक पूर्वाधार विकास (आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम

१. आवधिक योजना, आवास योजना, र बस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२. गाउँपालिका तथा वडा कार्यालयहरु जोड्ने रणनितिक सडकहरु निर्माणमा निरन्तरता दिइनेछ ।

३. विकास आयोजना छनौट गर्दा सामाजिक-आर्थिक लाभ,उत्पादन र रोजगारी सिर्जनालाई प्रमुख आधार लिइनेछ । पूर्वतयारी पूरा भएका र प्रतिफल सुनिश्चित भएका आयोजना मात्र छनौट गरिनेछ । कार्यान्वयनमा रहेका आयोजना तथा कार्यक्रमहरूको पुनःप्राथमिकीकरण गरी नतिजा दिने र तोकिएको समयमा सम्पन्न हुनसक्ने आयोजना तथा कार्यक्रममा यथेष्ट बजेट विनियोजन गरिनेछ । आयोजनाको कार्यान्वयन प्रगतिका आधारमा सम्पन्न गर्ने, निरन्तरता दिने, स्थगन गर्ने वा खारेज गर्ने नीति लिइनेछ ।

४. दिर्घकालिन लगानी मार्ग दर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

५. एकिकृत शहरी तथा बस्ति विकास योजनाद्वारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

६. गाउँपालिका को विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।

७. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

८. घर निर्माणमा जनताको अनुत्पादक खर्च नहोस् र पुँजी चलायमान होस् भन्ने उद्देश्यले घर निर्माण गर्नु पूर्व नागरिकलाई घरको आवश्यकता, घरको लागत, मापदण्ड र उपयोग सम्बन्धमा निःशुल्क परामर्श दिईनेछ।

९. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक इवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१०. गाउँपालिका क्षेत्र भित्र आवासीय भवनमा "एक घर-एक विरुवा" नीतिलाई निरन्तरता दिइनेछ।

११. भवन निर्माण अनुमति प्रकृयालाई प्रविधिमा आधारित तुल्याई सहजिकरण गरिनेछ।

१२. गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।

CamScanner

१३. गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।

१४. गाउँपालिका को स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

१५. विभिन्न कालखन्डमा गाउँपालिका मा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार अद्यावधिक तथा मुल्यांकन गरी सार्वजनिक सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गरिनेछ ।

१६. प्रभावकारी सम्पति व्यवस्थापनका लागि सम्पति व्यवस्था सूचना प्रणाली (Asset Management Information System) तयार गरी लागु गरिनेछ ।

१७. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।

४. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

१. स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार सस्था र गाउँपालिका को सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिका का निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।

२. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

३. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिका लाई सूचनामैत्रि बनाइनेछ।

४. डिजिटल पालिका प्रोफइल तयार गरिनेछ । सूचना प्रविधिको प्रयोग गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ ।

५. सार्वजनिक सेवाको निर्वाध सञ्चालनका लागि सञ्चार तथा सूचना प्रविधिसँग सम्बन्धित संवेदनशील पूर्वाधारको व्यवस्था गरिनेछ ।

६. स्थनीय तह नागरिक सेवा केन्द्र सञ्चालनमा ल्याइनेछ ।

७. गाउँपालिका अन्तर्गतका सरकारी संस्थाहरुमा द्रुतगतिको इन्टरनेट सेवा उपलब्ध गराउन उच्च क्षमताको अप्टिकल फाइबर विस्तार गर्ने कार्यलाई तीव्रता दिइनेछ ।

५. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

CamScanner

४.सुशासन , सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरिक गुनासो व्यवस्थापन प्रणाली (Citizen Grievances Response App) तयार गरी लागु गरिनेछ।

२. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।

३. प्रत्येक महिनाको आय/व्ययको विवरण गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेबसाइटमा प्रकाशित गरिनेछ ।

४. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएक क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

५. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

६. गाउँपालिका बाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिका को तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।

७. गाउँपालिका तथा वडाबाट प्रवाह हुने योजना, लेखा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।

८. गाउँपालिका को काम कारवाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पुर्ण नागरिक समक्ष पुर्याउन "हाम्रो गाउँपालिका " नामक मोबाइल एप्स निर्माण गरि वडा पत्रहरु, सूचनाहरु र गाउँपालिका प्रोफाईल आदिको जानकारी प्रदान गर्ने साथै फ्रि-वाईफाई जोन बनाउने नीतिलाई निरन्तरता दिईनेछ ।

९. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

१०. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

११. गाउँपालिका भित्र रहेका असंगठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।

१२. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।

१३. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

६. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

(क) खानेपानी तथा सरसफाई

१. तेमाल गाउँपालिका भित्र स्वच्छ, गुणस्तरीय र भरपर्दो खानेपानी सुविधा उपलब्ध हुनेगरी खानेपानीका कार्यक्रम कार्यान्वयन गरिनेछ ।

CamScanner

१. करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ।

२. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

३. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

४. अव्यवस्थित बसोवासीहरुलाई लगाउदै आएको घरधुरी करलाई निरन्तरता दिइनेछ। घरको संरचना र प्रकृति अनुसार दरहरुको प्रगतिशिल पुनरावलोकन गरिनेछ।

५. करदाताको कर लगतलाइ व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाइ कर सम्बन्धी सूचना प्रवाह गर्न डिजीटल कर प्रणाली लागु गरिनेछ ।

६. कर शिक्षा सञ्चालन सम्बन्धी नितिलाई हरेक वर्ष प्रभावकारी रुपमा अभियनात्मक ढंगले अगाडी बढाइनेछ ।

कर्मचारी सम्बन्धी नीति

गाउँपालिकाको नीति नियम तथा ऐन, कानून निर्माण तथा कार्यन्वयनका लागि गाउँपालिकाको आन्तरिक श्रोतबाट कानूनी सल्लाहकारको दरबन्दी सिर्जान गरिनेछ ।

CamScanner

अन्त्यमा, नीति तथा कार्यक्रमको समयबद्ध एवं सफल कार्यान्वयनबाट तेमालको समावेशी र दीगो विकासमा सघाउ पुग्ने, आर्थिक विकासमा प्रत्यक्ष प्रभाव पर्ने, रोजगारीको क्षेत्रमा वृद्धि भई जनताको जीवनस्तरमा सकारात्मक प्रभाव पर्ने देखिन्छ साथै सामाजिक सद्भाव र समन्वय तथा भातृत्व विकासमा समेत टेवा पुग्छ भन्नेमा म पूर्ण विश्वस्त छु । नीति तथा कार्यक्रम तयार गर्न प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनु हुने सबैमा धन्यवाद दिन चाहन्छु ।उपस्थित सबै महानभावहरुमा हार्दिक आभार व्यक्त गर्दछु ।

चन्द्र बहादुर तामाङ
अध्यक्ष
तेमाल गाउँपालिका
मिति २०८१।०३।१०

निर्णय नम्बर २: प्रस्ताव नं. ३ माथी छलफल गर्दा तेमाल गाउँ कार्यपालिकाको मिति २०८१।०३।०९ गतेको बैठकको निर्णय माथी छलफल गर्दा तेमाल गाउँपालिकाको आर्थिक विधेयक, २०८१ आजको गाउँसभाको १५ औं अधिवेशनबाट सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

तेमाल गाउँपालिकाको आर्थिक ऐन २०८१

प्रस्तावना:तेमाल गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम तेमाल गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "तेमाल आर्थिक ऐन, २०८१" रहेको छ।
(२) यो ऐन २०८१ साल श्रावण १ गतेदेखि लागू हुनेछ ।

२. भूमि कर (मालपोत): गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

३. घर वहाल करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. व्यवसाय करः गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

उपर गरिनेछ ।

५. वार्षिक सडक करः गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (४) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

६. विज्ञापन करः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (५) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. बहाल बिटौरी शुल्कः गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (६) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

८. पार्किङ शुल्कः गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बापत अनुसूचि (७) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

९. सेवा शुल्क, दस्तुरः गाउँपालिका/नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (८) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. एकिकृत सम्पति करः एकिकृत सम्पति कर विस्तृत अध्ययन गरेपश्चात् मात्र लगाइने र असुल उपर गरिनेछ ।

११. निकाशी करः कानूनअनुसार ओसारपसार गर्न छुट भएका जीवजन्तुजन्य र अन्य पदार्थको ओसारपसारमा अध्ययन पश्चात् अनुसुचि (९) अनुसार लगाइने र असुल उपर गरिनेछ ।

१२. प्रदेश कानून बमोजिम हुनेः घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर र प्राकृतिक स्रोत शुल्क प्रदेश कानून बमोजिम लगाइने, असुल उपर गरिने र बाँडफाँड हुनेछ।

१३. दर घटाउन, बढाउन वा छुट दिन सकिनेः (१) प्रचलित कानूनमा जुनसकै कुरा लेखिएको भएता पनि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार यस ऐन बमोजिम लगाइएका शुल्क र करको दर घटाउन, बढाउन वा आंशिक रुपमा छुट दिन सक्नेछ। त्यस्तो दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना स्थानीय राजपत्रमा प्रकाशित गर्नु पर्नेछ। यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

)२ (उपदफा बढाइएको वा छुट दिइएको सूचनाको विवरण प्रत्येक वर्ष गाउँ ,बमोजिम दर घटाइएको (१) कार्यपालिकाले गाउँसभामा पेश गर्नु पर्नेछ। कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँ कार्यपालिकाले तोके अनुसार हुने छ ।

CamScanner

अनुसूचि १
(दफा २ सँगसम्बन्धित(
भुमि करमालपोत/

क.सं.	करशुल्क/	विवरण	दर
१	मालपोतप्रति । भुमि कर / (रोपनी	प्रति रोपनी	रु १०

अनुसूचि २
(दफा ३ सँगसम्बन्धित(
घर बहाल कर

क.सं.	करशुल्क/	विवरण	दर
१	घर बहाल कर	कोठा वा घरभाडाको	१० प्रतिशत

अनुसूचि- ३
(दफा ४ सँगसम्बन्धित(
व्यवसाय कर

क.सं.	करशुल्क/	विवरण	दर
१	मदिरा पसल	वितरक	३०००
		थोक	२०००
		खुद्रा	१०००
२	चुरोट बिडी सुर्ती जन्य	वितरक	२०००
		थोक	१५००
		खुद्रा	१०००
३	हल्का पेय पदार्थ	वितरक	१५००
		थोक	१०००
		खुद्रा	५००
४	सुनचाँदी पसल	थोक	१५००
		खुद्रा पसल र मर्मत	१०००
५	औषधी पसल	थोक	३०००
		खुद्रा डाक्टर भएको	२०००
		खुद्रा डाक्टर नभएको	१५००

CamScanner

६	माछामासु बिक्री पसल		१०००
७	आयुर्वेदिक औषधी पसल		५००
८	एग्रोभेट पसल	थोक	२०००
		खुद्रा	१०००
९	स्टेशनरी तथा पुस्तक पसल	थोक	१०००
		खुद्रा	५००
१०	छपाइ तथा प्रकाशन	अफसेट प्रेस	२०००
		साधारण प्रेस	१०००
११	कस्मेटिक पसल		१०००
१२	मोटर पार्ट्स	थोक	२०००
		खुद्रा	१५००
१३	प्लाइ तथा ग्लास	थोक	२५००
		खुद्रा	१५००
१४	कपडाब्याग /जुत्ताचप्पल/फेन्सी/ पसल	थोक	१५००
		खुद्रा	१०००
१५	धागो टाक पसल	थोक	१०००
		खुद्रा	५००
१६	इलेक्ट्रोनिक पसल मोबाइल), घडी, क्याल्कुलेटरअडियो, भिडियो, आदि(	वितरक	३००
		थोक	१५००
		खुद्रा	१०००
१७	हार्डवेयर / मार्वल पसल/स्यानिटरी/मेसिनरी	थोक	५०००
		खुद्रा	३०००
१८	पेट्रोलियम पदार्थ	पेट्रोलपम्प	५०००
		पेट्रोल बिक्री केन्द्र	३०००
		ग्यास सिलिन्डर सब डिलर	३०००
		मट्टितेल मात्र बिक्री	२०००
१९	स्टिल आलमुनियम पसल	थोक	२०००
		खुद्रा	१०००
२०	फर्निचर	थोक	१५००
		खुद्रा	१०००
२१	ढुङ्गा तथा गिट्टी बालुवा बिक्री वितरण गर्ने		२०००

२२	कपडा सिलाइ कटाइ	हेलरिङ आधुनिक	१०००
		हाते मेसिन	५००
२३	स्नुकर तथा पुल हाउस		३०००
२४	पशु आहार बिक्री केन्द्र		१०००
२५	किराना पसल	थोक	१५००
		खुद्रा	५००
२६	फलफूलतरकारी पसल/	थोक	६००
		खुद्रा	४००
२७	उपहार /गिफटखेलौना पसल /	थोक	१०००
		खुद्रा	५००
२८	भाँडा पसल स्टील), प्लास्टिक,आल्मुनियम सबैथरी(	थोक	१५००
		खुद्रा	१०००
२९	माटाको भाँडा पसल	थोक, खुद्रा	२००
३०	विशेषज्ञ परामर्श तथा अन्य व्यावसायी सेवा	चिकित्सक	२०००
		कन्सल्टेन्ट सेवा(इन्जिनियरिङ्ग)	२०००
		कानुन व्यावसायी ल फर्म	२०००
		लेखापरीक्षण व्यावसायी	२०००
		दन्तचिकित्सक	२०००
		अनुसन्धानकर्ता परामर्शदाता	२०००
		पशु चिकित्सक डाक्टर	२०००
		रोजगार सेवा	३०००
३१	ढुवानी तथा ट्रान्सपोर्ट सेवा		२०००
३२	पेन्टरसाइनबोर्ड लेख्ने		१०००
३३	खोटो व्यवसायी		१०००
३४	बोधिचित्ता माला दुइ मुखे नर्सरी	प्रति बिरुवा	५
३५	बोधिचित्ता माला तीन, चार मुखे नर्सरी	प्रति बिरुवा	२००
३६	जग्गा व्यवसायी		१२०००
३७	निर्माण व्यवसायी		५०००
३८	यस वर्गीकरणमा नपरेका व्यवसायको हकमा		७५०

			२५००
३९	ग्रील उद्योग		१५००
४०	जुत्ता उद्योग		१०००
४१	घरेलु कुटिर उद्योगअगरबत्ती), मैनबत्ती,टीकी, अचार तथा अन्य कुटिर(		५०००
४२	कपडा तथा गार्मेन्ट उद्योग		१५००
४३	सिरक डसना उद्योग पसल		५००
४४	कुटानी पेलानीमिल /		१०००
४५	मसला मिल		५००
४६	डेरी तथा दुग्ध जन्य उद्योग		१०००
४७	उपभोग्य वस्तु उत्पादन उद्योग	कुकिज नुडल्स	१०००
		दालमोट पाउरोटी चाउमीन	१५००
		पापड चिप्स फिगर	५०००
४८	वनजन्य उद्योग	स मिल प्लाइउड उद्योग	२०००
		काठ बिक्री डिपो	५००
४९	ढाकाटोपी पस्मिना उद्योग		५०००
५०	सुर्तिजन्य उद्योग		२०००
५१	होटल लज रेष्टुरेन्ट	होटल र लज	१०००
		भोजनालय	५००
		मिठाई पसल	२५००
		पार्टी प्यालेस	२०००
		रेष्टुरेन्टबार-	५००
		चिया र खाजा पसल	२०००
		साना,खाजानास्ता पसल- (मदिरासहित(	२०००
५२	टेन्ट हाउस		
	सेवा उद्योग		
५३	सञ्चार	एफप्रसारण .एम.	२०००
		टावर	१०००
		केवुल च्यानल प्रसारण	२०००
		इन्टरनेट प्रदायक, वाइफाइ सेवाकर प्रति ग्राहक वार्षिक	२५००

		पत्रपत्रिका प्रकाशन सेवा	५००
		फोटोकपी, पीओ साइबर .सि. तथाक्याफे	१०००
		कुरियर सेवा	१०००
		कलर ल्याब	१५००
		फोटोस्टुडियो	१०००
५४	वित्तीय	वाणिज्य बैंक प्रति शाखाकेन्द्रिय कार्यालय/	७०००
		विकास बैंक प्रति शाखाकेन्द्रिय कार्यालय/	५०००
		फाइनान्स कम्पनी शाखा कार्यालय	५०००
		वित्तीयऋण सहकारी / संस्था	२०००
		मनी ट्रान्सफर	१५००
		विमा कम्पनी	२०००
		लघु वित्त	२०००
५५	स्वास्थ्य सेवा व्यवसाय	निजी अस्पताल तथा नर्सिङ्ग होम	२५००
		क्लिनिक तथा ल्याब	१५००
		चस्मा पसल	१५००
५६	शिक्षा सेवा निजी	क्याम्पस	२०००
		मा.वि.	१५००
		आधारभूत विधालय	१०००
		कक्षा १ देखि ५ सम्म	५००
		छात्रावास	१०००
		मन्टेश्वरी	१०००
		पूर्व प्राथमिक	५००
		ट्युशन सेन्टर	१५००
		कम्प्युटर नृत्यकला / सिकाइकेन्दर	१०००
		तालीम तथा अनुसन्धान केन्द्र	१०००

५७	मर्मत सम्भार	टायरट्युब मर्मत-, रिसोलिङ्ग,हावा भर्ने	१०००
		इन्जिन मर्मत	१५००
		डेन्टिङ्ग पेन्टिङ्ग	१५००
		टिभी., फ्रिज, मोटर, पङ्खा, रेडियो, घडी जेनेरेटर, कम्प्युटर, मोबाइल (इलेक्ट्रोनिक)	१०००
		मोटरसाइकल मर्मत	१५००
		बस,ट्याक्सी लगायतका सवारी साधनमर्मत	२०००
		अन्य विविध मर्मत	१०००
५८	ड्राइ क्लिनिक, ब्युटी पार्लर तथा सैलुन		१०००
५९	फूल नर्सरीफर्म		५००

अनुसूचि ४
(दफा ५ सँगसम्बन्धित(
वार्षिक सडक कर

क्र.सं.	करशुल्क/	विवरण	दर
१	वार्षिक सडक कर सवारी) (साधन कर	ब्रेकरएक्साभेटर डोजर हेभी मेसिन	०
		ब्याक हो लोडर	०
		बस ट्रक लरी र हेभी गाडी	०
		भाडाका कार जिप	०
		निजी कार, जीप, अटो रिक्सा	०
		स्कुटर, मोटरसाइकल तथा अन्यसवारी साधनमा	०
		ठेलागाडा तथा रिक्सामा	०

CamScanner

अनुसुचि ५
(दफा ६ सँगसम्बन्धित
(विज्ञापन कर)

क्र. सं.	विज्ञापन बोर्ड सामाग्रीको प्रकार	विज्ञापन बोर्डको आकार अधिकतम सीमा (वर्ग फुट)	विज्ञापन बोर्ड तथा सामाग्रीको बनौट
१	होर्डिङ बोर्ड	२०*४०=८०० सम्म	फलामको पातामा लेखिएको वा प्रिन्ट गरेको सामाग्री राखेको
२	साइन बोर्ड (परिचय पाटी)	३० वर्ग फिट सम्म	फलामको पातामा लेखिएको वा प्रिन्ट गरेको सामाग्री राखेको
३	नियोन बोर्ड	२०*२०=४०० सम्म	विद्युतिय तरङ्ग जडित विशेष किसिमको बोर्ड
४	ग्लो बोर्ड (विद्युतिय परिचय पाटी)	३० वर्ग फिट सम्म	ग्लो बोर्डको स्पेशल बनावट
५	ट्राई भिजन बोर्ड	२०*३०=६०० सम्म	ट्राई भिजन स्पेशल बनावट
६	क्रोलर बोर्ड	१०*१०=१०० सम्म	विद्युतीय माध्यमबाट एकभन्दा बढी विज्ञापन सामाग्री प्रचार गर्न
७	पोल व्यानर	२*३.६=४०० वर्ग फिट सम्म	कपडामा लेखिएको वा प्रिन्ट गरिएको
८	धातुको अक्षर बोर्ड	३० वर्ग फिट सम्म	धातुले अक्षर, शब्द वा चित्र अंकित गरिएको, टाँस गरिएको फ्रेम

CamScanner

१	सार्वजनिक बोर्ड	१०१/२०१/२० वर्ष फि.२	विद्युतिय कारखानाहरु विज्ञापन सामग्री प्रदर्शन गरिने कार्यालय बोर्ड

२० वर्ष कुल बन्दा बढीको माइन बोर्डलाई कर प्रयोजनका लागि होर्डिङ बोर्डको रूपमा लिईनेछ ।

अनुसुचि ६
(दफा ७ सँगसम्बन्धित(

बहाल बिटौरी कर

क.सं.	करशुल्क/	विवरण	दर
१	बहाल बिटौरी शुल्क	प्रति वर्ग फिट (वार्षिक)	५
२	नारायणस्थान मन्दिरमा जनै पुर्णिमा मेलामा पसलको बहाल कर	बिऊ बिजन पसल	१५०
		खाजा पसल	२०००
		लुगा कपडा ब्याग पसल	१०००
		पुजा सामाग्री पसल	१०००
		खेलौना पसल	१०००
३		इक्लेटिक इलेक्टिक्स पसल	१०००
४	तोमसोङ कुण्ड र यारीनाग प्रवेश दस्तुर	विदेशी नागरिक	२००
		नेपाली नागरिक	२०
		स्थानीय नागरिक निशुल्क विद्यार्थिलाई १ देखि १० कक्षा सम्म	निशुल्क
		अन्य विद्यर्थीलाई ५० प्रतिशत छुट	

अनुसूचि ७
(दफा ८ सँगसम्बन्धित(

पार्किङ शुल्क

क.सं.	करशुल्क/	विवरण	दर
१	रोसाइवा तथा आसपासका क्षेत्र, यारिनाग तथा तोमसुङ कुण्ड क्षेत्र, नारायणस्थान मन्दिर क्षेत्रमा पार्किङ शुल्क प्रति दिन	बस , ट्रक, लरी, हेभी गाडी, जीप	१००
		मोटरसाइकल, ठेला गाडा, अटोरिक्सा र अन्य साधन प्रतिघण्टा	२०

CamScanner

		मोटरसाइकल, ठेला माडा, अटोरिक्सा र अन्य साधन प्रतिघण्टा	20

अनुसूचि ८

(दफा ९ सँगसम्बन्धित(

सेवा शुल्क, दस्तुर

क.सं.	करशुल्क/	विवरण	दर
१	घरजग्गा नामसारी सिफारीस	प्रति कित्ता	२००
२	डीपिआर प्रतिलिपि	प्रति पेज	५
३	कृषि तथा पशु औषाधी	९० प्रतिशत अनुदान	१०%
४	घर बाटो सिफारीस	प्रति कित्ता	२००
५	सरजमिनसिफारीस दस्तुर/	व्यक्तिगत	२००
		व्यावसायिक संस्थागत /	५००
६	न्यायिक समिति निवेदन दर्ता दस्तुर		२००
७	न्यायिक समिति जग्गा रोक्का सिफारिस		५००
८	कार्यालयमा निवेदन दस्तुर		५०
९	छात्रवृति सिफारीस		निशुल्क
१०	विपन्नअसहाय विद्यार्थी / छात्रवृति सिफारीस		निशुल्क
११	अपाङ्गता भएको सिफारीस		निशुल्क
१२	अस्थाइ बसोबास सिफारीस		१००
१३	स्थायी बसोबास सिफारीस		१००
१४	नागरिकता सिफारीस	वंशज	१००
		अंगिकृत	५००
	नागरिकताका लागि वडावाट प्रमाणित सिफारिस		१००
१५	नागरिकता प्रतिलिपी सिफारिस		३००
१६	विद्युत जडान सिफारीस		१००
१७	धारा जडान सिफारीस		१००
१८	जीवित रहेको सिफारीस		१००

CamScanner

१९	दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक जन्ममिति संशोधनसिफारीस	नेपालीमा सिफारिस	२००
		अग्रेजीमा सिफारिस सम्पूर्ण	५००
२०	व्यवसाय बन्द सिफारीस		१००
२१	व्यवसाय सञ्चालन नभएको सिफारीस		१००
२२	व्यापार व्यवसाय नभएको सिफारीस		१००
२३	कोर्ट फी मिनाहा सिफारीस		निशुल्क
२४	नाबालक परिचयपत्र सिफारीस		१००
२५	चौपाया सम्बन्धी सिफारीस		५०
२६	गुम्बा/ मठमन्दिर सुचीकृत तथा अभिलेख व्यवस्थापन		१०००
२७	व्यवसाय दर्ता शुल्क	आन्तरिक	१०००
२८	व्यवसाय दर्ता नविकरण	वार्षिक	५००
२९	उद्योग ठाउँसारी सिफारीस		५००
३०	विद्यालय ठाउँसारी सिफारीस निजि		२००
३१	आन्तरिक बसाइसराइ सिफारीस		२००
३२	विद्यालय सञ्चालन स्वीकृत कक्षा वृद्दिसिफारीस/		५०००
३३	व्यक्तिगत विवरण सिफारिस / नवीकरण सिफारीस		२००
३४	जग्गा दर्ता सिफारीस		२००
३५	संरक्षक सिफारीस	संरक्षक सिफारीस व्यक्तिगत	१००
		संरक्षक सिफारीस संस्थागत	२००
३६	नेपाल सरकारको नाममा घाटो कायम सिफारीस		१००
३७	कोठा खोल्न कार्य रोहबरमा बस्नेसिफारीस		५००
३८	स्वास्थ्य उपचारको सिफारीस	निशुल्क उपचारको लागि	निशुल्क

CamScanner

			२००
३९	समुह तथा सहकारी दर्ता सिफारीस	आन्तरिक	५००
		बाहा	२००
४०	जग्गा धनीपुर्जा हराएको सिफारीस		४००
४१	परिक्षा शुल्क	श्रेणी विहीन पदमा	६००
		सहायक स्तर चौथो/ पाँचौ	१२००
		रापतृतीय सरहका पदमा	२००
४२	जीवितसँगको नाता प्रमाणित		२००
४३	मृतकसँगको नाता प्रमाणित		५००
४५	आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित		निशुल्क
४६	आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित		१५०
४७	जग्गा मुल्याङ्कनआम्दानी / सिफारीस तथा प्रमाणित	प्रतिलाख	२००
४८	चारकिल्ला प्रमाणित	प्रतिकित्ता	१००
४९	जन्ममिति प्रमाणित		१००
५०	विवाह प्रमाणित		१००
५१	घर पाताल प्रमाणित		१००
५२	कागजमञ्जुरिनामा प्रमाणित /		१००
५३	हकवाला वा हकदार प्रमाणित		५००
५४	घर सम्पन्न सिफारीसप्रमाणित /	पक्की	२००
		कच्ची	५००
५५	अविवाहित प्रमाणित(सामाजि सुरक्षा प्रयोजन बाहेक)		१०००
५६	कार्यालयको मौज्यद सूचिमा सूचीकृत दर्ता शुल्क	प्रति संस्था/ व्यावसयिक	५००
५७	अपुताली सिफारिस		२००
५८	अन्य सिफारीस वा प्रमाणित	व्यक्तिगत	५००
		संस्थागत	२०००
५९	घर नक्सापास दस्तुर	पक्की घर	५००
		कच्ची घर	५०००
६०	घ वर्गको निर्माण व्यवसायी दर्ता		

६१	घ वर्गको निर्माण व्यवसायी नविकरण		२०००
६२	घ वर्गको निर्माण व्यवसायी प्रतिलिपी		२०००
६४	नक्सा पास निवेदन फाराम दस्तुर		१०
६५	सरसफाइ शुल्क सरसफाइ) सम्बन्धी पुर्वाधार (बनेपछिलाग्नेछ	वार्षिक	६००
		सरसफाइ कार्डको	१००
६६	रुख कटान आदेश	रुख कटान आदेश / सिफारीस	५००
		प्रति रुख	५००
		कटान पछिप्रति रुख कुकाठ	१००
६७	रुख चिरान तथा ढुवानी सिफारिस	प्रति टिप	३००
६८	जन्म दर्ता	३५ दिनभित्र भए निशुल्क अन्यथा	५००
६९	मृत्य दर्ता	३५ दिनभित्र भए निशुल्क अन्यथा	५००
७०	बसाइसराइ जाने आउने दर्ता	३५ दिनभित्र भए निशुल्क अन्यथा	५००
७१	सम्बन्धविच्छेद दर्ता	३५ दिनभित्र भए निशुल्क अन्यथा	५००
७२	विवाह दर्ता	३५ दिनभित्र भए निशुल्क अन्यथा	५००
७३	घटना दर्ता प्रतिलिपी		५००
७४	उजुरी दर्ता तथा मुद्दा दस्तुर		२००
७५	अग्रेजीमा नाता प्रमाणित		५००
७६	अन्य अग्रेजीमा सिफारिस		५००
७७	घटना दर्ता अभिलेख हेर्ने प्रयोजन	विभागले तोके बमोजिम	२००
७८	सहकारी संस्था दर्ता शुल्क		२०००
७९	विद्यालय लेखा परिक्षण दर्ता शुल्क		१०००
८०	कृषि फर्महरु दर्ता/नविकरण		५००

CamScanner

८१	सहकारी संस्था नविकरण		१०००
८२	शिक्षक विज्ञ सूचिकृत	प्रावि	१५००
		निमावि	२०००
		मावि	२५००
८३	राजपत्र बिक्री शुल्क	वार्षिक ग्राहक	मुल्य अनुसार
		खुद्रा बेच्दा प्रति पाना	१
८४	छ्युमे (बत्ती)	१ लिटर १/२ लिटर १,२,३ क्रमश	५०० २५० ५०/४०/२०
८५	जलस्रोत दर्ता	खानेपानी मुहान दर्ता/ सिचाई	२०००
८६		खानेपानी मुहान/सिचाई नविकरण	५००
८७	उपभोक्ता समिति दर्ता		१०००
८८	उपभोक्ता समिति नविकरण		५००

अनुसुचि ९

(दफा ११ सँगसम्बन्धित(

निकाशी कर

क्र.सं.	करशुल्क/	विवरण	दर
१	निकाशीकरशुल्क /	ब्रखा प्रति गोटा	१०
		भैंसी,पाडा, राँगा, गोरु प्रति गोटा	५०
		ढुङ्गाबालुवा प्रति / गिट्टी/ ट्र्याक्टर	प्रदेशको कानुन बमोजिम
		सुकाठ प्रति क्यु फिट	५

CamScanner

		बोधिचित्त माला सिफारिस दस्तुर (सिफारिस मिति सहित २ दिन)	बोक्रा सहित प्रति केजी रु २५ बोक्रा रहित प्रति केजी रु ५०
		बोधिचित्त माला निकाशी कर	मूल्यको १.५ प्रतिशत

अनुसूची १०
(दफा ९ सँग सम्बन्धीत)
सेवा शुल्क, दस्तुर
नक्सापास दस्तुर (नया तथा पुरानो)

क्र.सं.	विवरण	ईकाइ	दर
१	सर्खिचुना जाडाई	पटक	२०००
२	बाटो जोडाई कच्ची घर	पटक	५००
३	साविक बमोजिम भवन तथा घर मर्मत स्वीकृति	पटक	५०००
४	अस्थायी टहरा साधारण	प्रति स्वायर फुट	२
५	अस्थायी टहरा उद्योग आदि	प्रति स्वायर फुट	५
६	माटो जोडाई पक्कि घर	प्रति स्वायर फुट	२
७	सिमेन्ट जोडाईको पक्कि घर भूई तला	प्रति स्वायर फुट	३
८	सिमेन्ट जोडाई पक्कि घर पहिलो तला देखि माथि	प्रति स्वायर फुट	५
९	होटेल व्यावसाय र सपिङ्ग कम्प्लेक्सको लागि	प्रति स्वायर फुट	१०
१०	निर्माण भईसकेको घरको पछि नक्सा पास गर्दा मापदण्ड भित्र रहेछ भने नियमित दस्तुरको अलवा थप	प्रति स्वायर फुट	५
११	कम्पाउण्ड वाल सिमेन्ट जोडाई (प्रति रनिङ्ग फिट)	प्रति स्वायर फुट	२
१२	कम्पाउण्ड वाल माटो जोडाई (प्रति रनिङ्ग फिट)	प्रति स्वायर फुट	१
१३	गाउँपालिका हुन अगावै निर्माण भएको घरमा तल्ला थप गर्दा पहिलो निर्माण भए जति घरको हकमा प्रमाणित दस्तुर	प्रति फिट	१
१४	नक्सा नामसारी दस्तुर	पटक	५००

CamScanner

अनुसूची ११

)दफा १० सँग सम्बन्धित(

एकिकृत सम्पति कर

एकिकृत सम्पतिकरको दर निर्धारण

क सं	विवरण	एकिकृत सम्पति कर	
		अङ्कमा	अक्षरमा
१	रु १ लाख देखि ३ लाख सम्म	१००।००	एक सय रुपैया मात्र
२	रु ३ लाख १ देखि ५ लाख सम्म	१५०।००	एक सय रुपैय मात्र
३	रु ५ लाख १ देखि १० लाख सम्म	२००।००	दुई सय रुपैया मात्र
४	रु १० लाख १ देखि २० लाख सम्म	३००।००	३ सय रुपैया मात्र
५	रु २० लाख १ देखि ३० लाख सम्म	४००।००	चार सय रुपैया मात्र
६	रु ३० लाख १ देखि ५० लाख सम्म	६००।००	छ सय रुपैया मात्र
७	रु ५० लाख १ देखि ७५ लाख सम्म	९००।००	नौ सय रुपैया मात्र
८	रु ७५ लाख १ देखि १ करोड सम्म	१५००।००	पन्ध्रसय रुपैया मात्र
९	रु १ करोड १ देखि माथीजति भएपनि	२५००।००	पाचिससय रुपैया मात्र

निर्णय नम्बर ३: प्रस्ताव नं. ३ माथी छलफल गर्दा तेमाल गाउँ कार्यपालिकाको मिति २०८१।०३।०९ गतेको बैठकको निर्णय माथी छलफल गर्दा तेमाल गाउँपालिकाको विनियोजन विधेयक, २०८१ तथा बजेट आजको गाउँसभाको १५ औं अधिवेशनवाट सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

स्थानीय सरकार

तेमाल गाउँपालिका

आ.व. २०८१।०८२ को राजश्व र आयव्यय अनुमान तथा गाउँसभाको १५ औं अधिवेशन मिति २०८१ आषाढ १० गतेका दिन तेमाल गाउँपालिका, गाउँसभाको १५ औं अधिवेशनको बैठकमा उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री दलमान थोकरज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०८१।०८२ को राजश्व र आयव्यय अनुमान तथा बजेट कार्यक्रम

सभाका अध्यक्ष एवं गाउँपालिका अध्यक्ष ज्यू,

सभाका सदस्यज्यूहरु

नेपालमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको संरचनामा आधारित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था सहित नेपालको संविधान २०७२ जारी भई संघीयता कार्यान्वयनको अभ्यास भएको ९ वर्ष पूरा भएको

CamScanner

भईसकेको छ । यस अवधिमा संविधान र कानून बमोजिम स्थानीय तह, संघ र प्रदेश सभाको पहिलो कार्यकाल समाप्त भएर दोस्रो कार्यकालको अनुभाव सहित ततत्त् तहका निर्वाचित निकाय तथा पदाधिकारीहरुको संविधानले निर्दिष्ट गरेको संघीयता कार्यान्वयनमा जुटिरहेको छ। संघीय गणतन्त्र स्थापनार्थ जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति शिर झुकाइ हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

न्यायपूर्ण आन्दोलनको क्रममा घाइते तथा अपांङ्ग हुनुभएका सबैको शिघ्र स्वस्थ्य लाभको कामना सहित उच्च सम्मान व्यक्त गर्न चाहन्छु । साथै संघीय गणतन्त्र एवं सामाजिक न्याय प्राप्तिको आन्दोलनको अगुवाइ गरी बेपत्ता हुनुभएका सम्पूर्ण गणतान्त्रिक योद्धाहरु प्रति उच्च सम्मान सहित स्मारण गर्न चाहन्छु।

संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र नेपालको राज्य शक्तिको प्रयोग पनि तीन तहले गर्ने उल्लेख छ । नागरिकहरुको मौलिक हकको संरक्षण तीन तहले नै गर्ने गरी संविधानले नै राज्यशक्तिको बाँडफाँड गरिएको छ।

गाउँ सभाका अध्यक्षज्यू एवं सदस्यज्यूहरु

काभ्रेपलाञ्चोक जिल्लाको तेमाल गाउँपालिका नेपालको दर्शनहरु मध्ये बौद्ध दर्शनको उर्वरायुक्त तपोभूमि भएको अवगत नै छ । हाम्रो पुर्खाहरुले संरक्षण गरी जोगाएर हामीलाई हस्तन्तरण गरेर छोडेर गएको बौद्ध दर्शन लाई नेपाल र विश्वमाझ चिनाउन प्रचार गर्न र स्थापित गर्न सक्यो भने अशान्तिबाट शान्तिको मार्गमा डोऱ्याउन तेमाल गाउँपालिकाले एक महत्वपूर्ण चिनारी एवं पहिचान दिन सक्छ। यतिमात्र नभएर गुरु पद्म संम्भावाले ध्यान गरेको गेलुङ पहरा, तोडसुमकुण्ड, पोखरी एवं ह्यारीनाग जस्ता पवित्र स्थाल बुद्धको आत्माको रुपमा प्रख्यात बोद्धिचित्तामाला पनि यही क्षेत्रमा पाइन्छ । यसको समुचित संरक्षण विकास प्रचार गर्न सक्यो भने तेमाल गाउँपालिका देशमा छुट्टै पहिचान स्थापित गर्न सकिन्छ। पालिकाको आर्थिक, सामाजिक विकास सहितको दिगो विकासको लागि तेमाल गाउँपालिका भित्र थुप्रै संभावना तथा अवसरहरु रहेका छन भने केही समस्या र चुनौतिहरु पनि रहेको छन । अवसरहरूको पूर्ण उपयोग गर्दै तथा समस्याहरु र चुनौतीहरुलाई चिर्दै अगाडी बढ्ने हामी सबैले साझा प्रयत्न गर्नेछ भन्ने कुरामा विश्वास्त छु ।

हामीले शुरु गरेको सुशासन सहितको विकास आजको आवश्यकता गुणस्तरयुक्त पूर्वाधार, शिक्षा, स्वास्थ्य र रोजगारमा हाम्रो प्रथामिकता भन्ने नारालाई केन्द्र राखेर सडक पूर्वाधारलाई प्रथमिकता दिई काम अगाडी बढाइ रहेको छौं । यादपि उल्लेखित नारालाई केन्द्रमा राख्दै गर्दा सम्मानित गाउँसभाको १५ औं अधिवेशन सुशासन सहितको विकास आजको आवश्यकता गुणस्तरयूक्त पूर्वधार, शिक्षा, स्वास्थ्य र रोजगार हाम्रो प्रथामिकता भनेर १५ औं गाउँसभाले गुणस्तरयुक्त पूर्वाधारलाई जोड दिएको अवगत गराउन चाहन्छु । सबै नागरिकहरुलाई सडक सञ्जाल मार्फत लाभ वितरण गर्ने पालिकाको यो कार्यप्रति सबैको सकारात्मक प्रतिक्रिया पाइरहेका छौं । सडक पूर्वाधारको गुणस्तर एवं मापदण्ड अनुसारका कार्य भयो कि भएन ? यसतर्फ हामी बेलैमा सचेत र सर्तक हुन जरुरी छ। स्थानीय सरकार सञ्चालन

CamScanner

ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवाधिक, बार्षिक, रणनीतिगत विषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ दफा १६ मा स्थानीय तहले सार्वजानिक खर्चको विवरण तयार गर्नुपर्ने व्यवस्था गरेको छ र दफा १७ मा यस्तो विवरण तयार गर्दा अगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ।

माथि उल्लेखित व्यवस्था अनुसार दिगो पूर्वधार र उच्च आर्थिक वृद्धि एवं विकासका नयाँ आधारशिला निर्माण गर्न, आर्थिक सामाजिक स्थिरता तथा समष्टिगत नीति तथा बजेटमा प्रथमितकता र उद्देश्य सँग तादम्यता कायम गर्न हाम्रो घोषित उद्देश्य अनुसार माध्यमकालीन खर्च संरचना बनाउने, अवाधिक योजना बनाउने एवं गाउँपालिकाको स्पष्ट गुरुयोजना निर्माण गरी अगाडी बढ्नै पर्छ ।

गरु पद्म संभावाले तपस्या गरेको यस तेमालको पवित्रा तपोभूमिलाई धार्मिक, सांस्कृतिक पर्यटकीय क्षेत्रका रुपमा घोषणा गर्न योजनाबद्ध ढंगले अगाडी बढ्नुपर्ने हुन्छ । तेमालको समृद्धि, सामाजिक न्याय सहितको सुखी तेमाल निर्माण गर्न विश्वास समझदारी, सहकार्य एवं एकले अर्कोलाई विश्वास, टीममा एकरुपता कायम बाँकी कार्यकाल फालदायी बनाउन मेहनत गरौं ।

CamScanner

सम्मानित गाउँसभाका सभाध्यक्षज्यू,
सभाका सदस्यज्यूहरु,

अब म तेमाल गाउँपालिकाको आ.व. २०८१।०८२ को राजश्व अनुमानित विवरण, आय तथा व्ययको विवरण तथा प्रस्तुत गर्न अनुमाति चाहान्छु ।

क्र.स.	राजस्व शीर्षक	आ.व. २०८१/८२ को प्रक्षेपण	
1	सम्पती कर	१०००००	१ लाख
2	भुमिकर/मालपोत	१७०००००	१७ लाख
3	वहांल कर	९०००००	९ लाख
4	वहाल विटौरी कर	२०००००	२ लाख
5	कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	२०००००	२ लाख
6	अन्य कर	२०००००	२ लाख
7	अन्य सेवा शुल्क तथा बिक्री	२०००००	२ लाख
8	न्यायिक दस्तूर	२०००००	२ लाख
9	परीक्षा शुल्क	१५००००	१ लाख ५० हजार
10	अन्य प्रशासनिक सेवा शुल्क	२०००००	२ लाख
11	नक्सापास दस्तुर	२०००००	२ लाख
12	सिफारिश दस्तुर	१५०००००	१५ लाख
13	व्यक्तिगत घटना दर्ता दस्तुर	८०००००	८ लाख
14	नाता प्रमाणित दस्तुर	२०००००	२ लाख
15	अन्य दस्तुर	८०००००	८ लाख
16	व्यावसाय रजिष्ट्रेशन दस्तुर	३०००००	३ लाख
17	प्रशासनिक दण्ड जरिवाना	१०००००	१ लाख
18	व्यवसाय कर	३०००००	३ लाख
19	बेरूजू	५०००००	५ लाख
20	प्रयटन शुल्क	१३००००	१ लाख ३० हजार
21	विज्ञापन कर	३०००००	३ लाख

CamScanner

	जम्मा	९००००००	९० लाख
	दहत्तर बहत्तर अन्तरगत		
1	रोशि र कोशि क्षेत्र निकासी कर	४५०००००	४५ लाख
2	कोशि क्षेत्रको बालुवा	७५०००००	७५ लाख
	जम्मा	१२००००००	१ करोड २० लाख
	जम्मा प्रक्षेपण रकम	२१००००००	२ करोड १० लाख

आगामी आ.व. २०८१।०८२ को आय तथा व्ययको विवरण

आय तर्फ:

क्र.सं.	आय शीर्षक	चालु आ.व. २०८१।०८२ को अनुमानित आय	कैफियत
1	वित्तिय समानीकरण अनुदान (संघिय सरकार)	८८६०००००	८ करोड ८६ लाख
2	संघिय सर्शत अनुदान	२३८७०००००	२३ करोड ८७ लाख
3	समपुरक अनुदान	६५०००००	६५ लाख
4	विशेष अनुदान	०	
5	वित्तिय समानीकरण अनुदान	८४२९०००	८४ लाख २९ हजार
6	प्रदेश सर्शत अनुदान	२२२६८०००	२ करोड २२ लाख ६८ हजार
7	समपुरक अनुदान	१०००००००	१ करोड
8	विशेष अनुदान	७००००००	७० लाख
9	राजस्व बाँडफाँड संघ	८६२०००००	८ करोड ६२ लाख
10	राजस्व बाँडफाँड प्रदेश	२०२७१८००	२ करोड २ लाख ७१ हजार ८ सय
11	राजस्व बाँडफाँड स्थानीय	१२००००००	१ करोड २० लाख
12	आन्तरिक आय	९००००००	९० लाख
13	गत वर्षको आल्य	०	
	जम्मा	५०८९६८८००	५० करोड ८९ लाख ६८ हजार ८ सय

CamScanner

आगामी आ.व. २०८१।०८२ को आय तथा व्ययको विवरण

व्यय तर्फ:

सि.नं.	व्यय शिर्षक	अनुमानित रकम रु	कैफियत
१	संघिय सर्शत अनुदान	२३८७०००००	२३ करोड ८७ लाख
२	प्रदेश सर्शत अनुदान	२२२६८०००	२ करोड २२ लाख ६८ हजार
३	प्रदेश विशेष अनुदान	७००००००	७० लाख
४	चालु खर्च	७०००००००	७ करोड
५	शिक्षा क्षेत्र	९००००००	९० लाख
६	स्वास्थ्य शाखा	१०००००००	१ करोड
७	विपद् व्यस्थापन	२५०००००	२५ लाख
८	प्रकोप कोष	१५०००००	१५ लाख
९	लैगिक समानता तथा समावेशीकरण अन्तर्गत	३००००००	३० लाख
१०	कृषि तथा पशुपन्छी शाखा	३००००००	३० लाख
११	न्यायिक समिति	१००००००	१० लाख
१२	राजश्व फिर्ता रकम	४००००००	४० लाख
१३	पालिका प्रफाइल/डिजिटल वडा पत्र	५०००००	५ लाख
१४	तेमाल सामुदायिक ग्रमिण विद्युतिकरण सहकारी संस्था	२००००००	२० लाख
संघीय सरकार तथा प्रदेश सकारबाट प्राप्त समपूरक अनुदान तथा पालिका देखि वडा कार्यालय जोड्ने रणनितिक सडक तर्फका योजनाहरु			
क.	वोहोरेदोभान -आधावाट — डाँडागाँउ -रोसाइवा सडक स्तरोन्नती	२६५०००००	२ करोड ६५ लाख
ख.	गिम्दीवेशी-रोसाइवा-ठूलोपर्सेल वसपार्क सडक स्तरोन्नती	१५००००००	१ करोड ५० लाख
घ.	मंगलटार-कल्धार-मेटवाल-कुरुवास-चापाखोरी धुल्खु सडक स्तरोन्नती तेमाल-७	५००००००	५० लाख

CamScanner

ङ.	माम्ती टेकानपुर- खत्रिगाँउ- मैनाजङ्ग- सुनकोशी पुल सडक स्तरोन्नती	१५००००००	१ करोड ५० लाख
पालिका स्तरीय तथा वडा स्तरीय योजना			
क.	पूर्वाधार विकास तर्फका योजनाहरुका लागि	३१२०००००	३ करोड ६२ लाख ५० हजार
ख.	सामाजिक विकास तर्फका योजना तथा कार्यक्रमका लागि	१८१२५०००	१ करोड ८१ लाख २५ हजार
ग.	आर्थिक विकास तर्फका योजना तथा कार्यक्रमका लागि	१८१२५०००	१ करोड ८१ लाख २५ हजार
	जम्मा	५०८९६८८००	५० करोड ८९ लाख ६८ हजार ८ सय

अन्त्यमा, प्रस्तुत बजेट तर्जुमा गर्ने चरणमा पत्यक्ष तथा परोक्ष क्रममा सहयोग पुर्याउनु हुने सम्पूर्ण गाउँपालिका तेमालबासीहरुमा धन्यवाद दिन चाहान्छु । यो बजेट तर्जुमाका रुपमा हरबखत अमूल्य सुझावका साथ सहयोग दिनु हुने गाउँपालिका स्थित वडा अध्यक्षज्यूहरु, गाउँसभा सदस्यज्यूहरु, राजनैनिक दल, नागरिक समाज, विभिन्न संघसंस्था, कर्मचारीहरु, विषयगत समितिमा रहेर योगदान पुर्याउनु हुने सम्पूर्ण सदस्य महानुभावहरु, व्यवसायी, उद्यामी, समाजसेवी, बुद्धिजीवि, सञ्चारकर्मी लगायत सबै प्रति हार्दिक धन्यवाद दिदै प्रस्तुत बजेट, निति तथा कार्यक्रमले यस गाउँपालिकाको कार्य प्रक्रियालाई छिटो, छरितो, पारदर्शी तथा नियमसंगत रुपमा पथप्रदर्शन गर्ने कुरामा विश्वास राख्दै तेमाल गाउँपालिकाको तर्फबाट सम्पूर्ण उपस्थित महानुभावहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यसै आय र व्यय तथा विषयगत समेटिएको रातो पुस्तिका शिघ्र सार्वजनिक गरिने व्यहोरा यस सम्मनित गाउँसभा समक्ष जानकारी गराउछु ।

दलमान थोकर
उपाध्यक्ष
तेमाल गाउँपालिका
मितिः २०८१।०३।१०

CamScanner

निर्णय नम्बर ४: प्रस्ताव नं. ४ माथी छलफल गर्दा सुनकोशी क्षेत्र (तेमाल गाउँपालिका वडा नं. १ को बोहोरे दोभान देखि वडा नं. २ को चुखावेशी हुदै वडा नं. ९ को भण्डारवेशी सम्म) भित्र रहेको खानीजन्य पदार्थबाट प्राप्त हुने बिक्री करका लागी रु ८४७००००० र रोशी क्षेत्र (तेमाल गाउँपालिका वडा नं. ९ को तिब्रिटार देखि वडा नं. ५ को गिम्दीवेशी रक्त सम्म) खानीजन्य पदार्थबाट प्राप्त हुने बिक्री करका लागि रु ३३००००० को ठेक्का को लागि सूचना प्रकाशन गर्ने निर्णय आजको पन्ध्रौं गाउँसभामा अनुमोदनका गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नम्बर ५: प्रस्ताव नं. ५ माथी छलफल गर्दा तेमाल गाउँ कार्यपालिकाको मिति २०८१।०३।०९ गतेको बैठकको निर्णय माथी छलफल गर्दा तेमाल गाउँपालिकाको तेमाल धार्मिक तथा पर्यटन क्षेत्रको बहाल कर तथा पार्किङ शुल्कको ठेक्का निकाल्न आजको गाउँसभाको १५ औं अधिवेशनबाट सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ६: प्रस्ताव नं. ६ माथी छलफल गर्दा तेमाल गाउँ कार्यपालिकाको मिति २०८१।०३।०९ गतेको बैठकको निर्णय माथी छलफल गर्दा तेमाल गाउँपालिकाको विज्ञापन करका लागि ठेक्का निकाल्न आजको गाउँसभाको १५ औं अधिवेशनबाट सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

CamScanner